# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २८ गते २०३१ साल



श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कृषि विभाग अन्तर्गत वागवानी विस्तारको लागि लुम्बिनी अञ्चल, पाल्पा जिल्ला, वर्तुङगाउँ पञ्चायत वार्ड नं. ३ को निम्नलिखित थप जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीहरूले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व धोव्रेखोला, पश्चिम वागवानी केन्द्र, उत्तर सिद्धार्थ राजमार्ग, दक्षिण भामा कुमारीको जग्गा यति चारकिल्लाभित्रको जग्गा कित्ता १, पूर्व धोव्रेखोला, पश्चिम केशबराजको बारी, उत्तर भामा कुमारीको बारी, दक्षिण ठगीसराको बारी यति चारकिल्लाभित्रको पाखो बारी कित्ता १ एक समेत जग्गा कित्ता २ को गुठीको तिरो रू. ।१२ (बान्ह पैसा) लागेको हेमराज अधिकारीले भोगचलन गरेको रोपनी ५–१२–० (पाँच रोपनी बान्ह आना)को जग्गा कित्ता – १



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्व धोद्रेखोलामाथिको ढिक, पश्चिम पशुपतिको बारी, उत्तर हेमराजको बारी, दक्षिण उत्तर हेमराजको बारी यति चारकिल्लाभित्रको गुठीको तिरो ।१८ (अठार पैसा) लागेको रोपनी १२–४–४ (बाह्र रोपनी चार आना चार पैसा) को भूमाकुमारीले भोगचलन गरेको पाखो जग्गा कित्ता – १

पूर्व धोद्रेखोला, पश्चिम विष्णुकुमारीको जग्गा, उत्तर हेमराजको जग्गा, दक्षिण ढिक यति चारकिल्लाभित्रको जग्गा र पूर्व उत्तर दुर्गाप्रसादको बारी, पश्चिम हरिप्रसादको बारी, दक्षिण कुलो यति चारकिल्लाभित्रको जग्गा कित्ता १ समेत कित्ता २ को गुठीको तिरो रू. ।३ (तीन पैसा) लागेको ठगीसराले भोग गरेको रोपनी ३–४–२ (तीन रोपनी चार आना दुई पैसा) को जग्गा कित्ता – १

पूर्व ठगीसराको बारी, पश्चिम दुर्गाप्रसादको बारी, उत्तर केशवराजको बारी, दक्षिण ढिक यति चारकिल्लाभित्र गुठीको तिरो रू. ।३ (तीन पैसा) लागेको विष्णुकुमारीले भोग-चलन गरेको १०–२–० (दश रोपनी दुई आना) को जग्गा कित्ता – १

पूर्व खुमानन्द हरिप्रसादको जग्गा, पश्चिम खोल्सा, उत्तर ढिक, दक्षिण कुलो यति चार किल्लाभित्र गुठीको तिरो रू. ।९ (नौ पैसा) लागेको दिवाकर पाध्याले भोगचलन गरेको रोपनी ८–५–० (आठ रोपनी पाँच आना) को जग्गा कित्ता– १

पूर्व दिवाकरको बारी, पश्चिम खुमानन्दको बारी, उत्तर केशबराजको बारी, दक्षिण ढिक यति चारकिल्लाभित्रको लालबहादुरले भोग चलन गरेको गुठीको तिरो रू. ।९ (नौ पैसा) लागेको रोपनी २-४–० (दुई रोपनी चार आना) को पाखो जग्गा कित्ता – – १

पूर्व हेमराजको बारी, पश्चिम दिवाकरको बारी, उत्तर बागवानी केन्द्र, दक्षिण ढिक यति चारकिल्लाभित्र गुठीको तिरो रू. ।२ (दुई पैसा) लागेको पशुपतिले भोगचलन गरेको रोपनी ५–६–३ (पाँच रोपनी छ आना तीन पैसा) को पाखो जग्गा कित्ता – १

पूर्व हेमराजको बारी, पश्चिम उत्तर पनि दिवाकरकै बारी, दक्षिण दुर्गाप्रसादको बारी, यति चारकिल्लाभित्रको कित्ता १ र पूर्व दिवाकरको बारी, पश्चिम उत्तर बागवानी केन्द्र, दक्षिण दुर्गाप्रसादको बारी यति चारकिल्लाभित्रको पाखो कित्ता १ समेत कित्ता २ दुईको गुठीको तिरो रू. ।२।२ (दुई पैसा दुई दाम) लागेको रोपनी ५–१०–० (पाँच रोपनी दश आना) को ऋषिरामले भोगचलन गरेको कित्ता – – – – १

पूर्व पशुपतीप्रसादको बारी, पश्चिम, उत्तर बागबानी केन्द्र, दक्षिण पर्खाल यति चार किल्लाभित्र गुठीको तिरो रू.–।२ (दुई पैसा) लागेको जग्गा र सो जग्गामा बनेको लम्बाई हात १३ (तेह्र) गज हात ९ (नौ) भएको एक तला छापेको फुसको घर एक समेतको जग्गा रोपनी १० (दश आना) को कृष्णप्रसादले भोग गरेको जग्गा कित्ता– – १

पूर्व पशुपतिप्रसादको बारी, पश्चिम ऋषिरामको बारी, उत्तर कृष्णप्रसादको घर, दक्षिण दिवाकरको बारी यति चारकिल्लाभित्र गुठीको तिरो रू.–।४।२ (चार पैसा दुई दाम)

४२०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागेको जग्गा र सो जग्गामा बनेको लम्बा हात १५ 'पन्ध्र' गज हात ६ 'नौ' को एक तले फुसको घर समेत रोपनी ८–८–१ (आठ रोपनी आठ आना एक पैसा) को दिवाकरको जग्गा कित्ता – – – – – १

पूर्व ठाडो खोला, पश्चिम हुलङ्दी खोला, उत्तर गणेशनारायणको खेतमा जाने कुलो, दक्षिण नारायणप्रसादको बारी मुनि प्रतिसंग जोडिएको तेस्रो पर्खालको सोझो २० बीस मुरे खेत मुनिको ढिक खोला यति चारकिल्लाभित्र बगैंचा र पाखो बारीको नगद रु ३।५० (तीन रूपैयाँ पचास पैसा) लागेको र खेतको जिन्सी धान मुरी ४–१२–४ (चार मुरी बाह्र पाथी चार माना) लागेको रोपनी १३०–१५–२ (एकसय तीस रोपनी पन्ध्र आना दुई पैसा) को नारायणप्रसाद श्रेष्ठको जग्गा कित्ता – – १

पूर्व, दक्षिण बागबानी केन्द्र, उत्तर सिद्धार्थ राजमार्ग, पश्चिम खोला यति चारकिल्लाभित्र माटो मुरी ६ (छ) भएको खेतको तिरो धान पाथी ५ 'पाँच' लागेको समेत रोपनी ११–१३–२ (एघार रोपनी तेह्र आना दुई पैसा) को हुलङ्दी खोलाको बालनारायण श्रेष्ठको खेत समेत कित्ता – – – – १

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

## सूचना

खाद्य ऐन, २०२३ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका जिल्लाका सम्पूर्ण क्षेत्रमा यो सूचना प्रकाशित भएको मितिदेखि उक्त ऐन लागू हुने गरी तोकेको छ।

१. काठमाडौं
२. ललितपुर
३. भक्तपुर
४. पर्सा
५. मकवानपुर
६. धनुषा
७. मोरङ
८. सुनसरी
९. झापा।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

५२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

242

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।